# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (१०) संख्या २ बाराहा उदयपुर कोशी प्रदेश

२०८३ साल साउन १५

### भाग-२

**लिम्चुङबुङ गाउँपालिकाको करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८३**

लिम्चुङबुङ गाउँ सभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संबत् २०८३ सालको कार्यविधि नं २**

# लिम्चुङबुङ गाउँपालिकाको करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८३

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकको सुनिश्चितता गर्न वाञ्छनिय भएकाले लिम्चुङबुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम " **लिम्चुङबुङ गाउँपालिका अन्तर्गतका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"गाउँपालिका"** भन्नाले लिम्चुङबुङ गाउँपालिका सम्झनु पर्दछ ।

(ख) **"गाउँ सभा"** भन्नाले लिम्चुङबुङ गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ग) **"संविधान"** भलाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ ।

(घ) **"वडा"** भन्नाले लिम्चुङबुङ गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(ङ) **"स्वास्थ्य संस्था"** भन्नाले लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिका कार्यालय मातहत रहेका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

(च) **"अध्यक्ष"** भन्नाले लिम्चुङबुङ गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) **"उपाध्यक्ष"** भन्नाले लिम्चुङबुङ गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले लिम्चुङबुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(झ) **"सामाजिक सुरक्षा कोष"** भन्नाले सङ्घीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ।

(ञ) **"करारका कर्मचारी"** भन्नाले लिम्चुङबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तलव भत्ता भुक्तानी गर्ने करार सेवाका कर्मचारीहरुलाई सम्झनु पर्दछ।

(ट) **"रोजगारदाता"** भन्नाले रोजगारी सिर्जना गर्ने कार्यालय लिम्चुङबुङ गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ठ) **"योगदानकर्ता"** भन्नाले लिम्चुङबुङ गाउँपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्दछ।

**३. जिम्मेवारी र उत्तरदायित्वः**

(१) गाउँपालिका भित्र, वडा कार्यालय र यस मातहत रहेका लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा क्रमशः आवद्ध गराउदै लैजानु लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको जिम्मेबारी रहने छ।

(२) गाउँ कार्यपालिकाले आफ्ना करार कर्मचारीहरुलाई वार्षिक रुपमा सामाजिक सुरक्षा कोषमा व्यवस्थापन गर्न आवश्यक पर्ने बजेटका लागि रोजगारदाताको तर्फबाट बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिधितता गरी गाउँसभाबाट विनियोजित गराउनु पर्नेछ।

(३) लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा गाउँपालिका कार्यालय मातहत रहेका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भए पश्चात स्वतः लागु हुनेछ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ ।

(४) लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरि जम्मा ३२ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ।

**४. समिति गठनः**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गरी आवद्ध गराउन देहायबमोजिमको समिति गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष ............................................. संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष ............................................. सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत..........................................सदस्य
(घ) सामाजिक विकास समिति संयोजक.................................सदस्य
(ङ) आर्थिक प्रशासन शाखा प्रमुख.......................................सदस्य
(च) कर्मचारी प्रशासन शाखा प्रमुख..................................सदस्य सचिव

**५. समितिको काम, कर्तव्य र अधिकारः**

उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः

(क) लिम्चुङबुङ गाउँपालिकामा निरन्तर ६ महिना वा सो समय भन्दा बढी समय सेवा अवधी कार्य गरेका करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचीकृत गर्न संख्याको यकिन गर्ने।

(ख)नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएका परिपत्रहरुमा सम्बन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने ।



स्थानीय राजपत्र

(ख) अनलाईन माध्यमबाट गाउँ कार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरुक्षा कोषसँग समन्वय गरी सूचिकरण गर्ने वा गराउने।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचीकृत गर्ने अन्य आ समन्वयात्मक कार्य गर्ने।

**६. अनुगमन तथा मूल्याङ्कनः**

कार्यविधिले तोकेबमोजिमको कामकाज सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

**७. थपघट, हेरफेर वा संशोधनः**

गाउँसभा, कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

**८. बाधा अड्काउ फुकाउः**

यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै वाधा अड्काउ परेमा यस कार्यविधिको मूल मर्म प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**आज्ञालेः**
**सन्देश राई**
**(प्रमुख प्रशासकीय अधिकृत)**

**राजपत्र प्रकाशित मितिः २०८३/४/१६**

स्थानीय राजपत्र